नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना तथा व्यवस्थापन शाखा)

सानोठिमी, भक्तपुर

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०८०/८१ मिति : २०८०।०६।०९

च.नं. : २१

विषयः कक्षा ११ र १२ को विद्यार्थी विवरण अद्यावधिक गराउने बारे ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा यस केन्द्रको च.नं.५३ मिति २०८०।०२।१४ र च.नं. ६८ मिति २०८०।०३।२४ को पत्रबाट शैक्षिक सत्र २०८० को एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) को अद्यावधिक गरी २०८० श्रावण ५ गतेभित्र अनलाइनमा अपलोड गर्नका लागि सबै विद्यालय तथा स्थानीय तहहरुलाई सूचित गरिएको व्यहोरा विदितै छ ।

सो अवधिमा कक्षा ११ र १२ को भर्ना प्रक्रिया सम्पन्न नभएका कारण उक्त कक्षाका विद्यार्थीहरुको विवरण अद्यावधिक हुन नसकि समय थपका लागि विद्यालय एवम् स्थानीय तहबाट अनुरोध भै आएकाले कक्षा ११ र १२ कक्षा विद्यार्थीहरुको विवरण मिति २०८० आश्विन मसान्तसम्म अद्यावधिक गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । यस कार्यका लागि विद्यालयलाई आफ्नो विद्यालयको एक्सेल फाइलमा विवरण अद्यावधिक गरी स्थानीय तहमा सम्प्रेषण गर्न लगाउने र स्थानीय तहले देहाय अनुसार अनलाइनमा अपलोड गर्ने व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छ ।

तपसिल

क) स्थानीय तहले आफ्नो User बाट Login गरी Schools गइ मा View Schools गएपछि स्थानीय तहका सबै बालविकास केन्द्र र विद्यालयहरुको विवरण देखिनेछ त्यसपछि एक्सेल अपलोड गर्नुपर्ने विद्यालयको नामको पछाडि देखिने Edit button मा क्लिक गरेपछि विद्यालयको प्रोफाइल खुल्नेछ । प्रोफाइलमा कुन अपडेट गर्नुपर्ने विवरण अपडेट गरी सकेर प्रोफाइलको अन्त्यमा रहेको Update button मा क्लिक गरे पश्चात एक्सेल अपलोड गर्ने Option आउँछ । त्यसपछि अपलोड गर्नुपर्ने विद्यालयको एक्सेल फाइल Select गरी अपलोड गर्नु हुन ।

ख) यस भन्दा अगाडि विवरण अद्यावधिक गरेका विद्यालयहरुले शिक्षकको विवरण, सामाजिक परीक्षण गरिएको मिति, प्रारम्भिक बालविकास कक्षा सम्बन्धी (शिक्षक, कक्षाकोठा, खानेपानी र शौचालय, ६ सिकाइ क्षेत्र, बसाइ व्यवस्थापन आदि) विवरण, शैक्षिक सूचना प्रविधि (ICT) प्रयोगशाला, विधुत र इन्टरनेटको उपलब्धता, प्राविधिक धारमा अध्ययनरत विद्यार्थी..आदि विवरण अद्यावधिक गरे/नगरेको यकीन गरी अद्यावधिक नगरेको भए अद्यावधिक गर्नु गराउनु हुन।

ग) कार्यक्रम तथा बजेट निर्माण, विद्यालयद्वारा अद्यावधिक गरिएको विवरण स्थानीय तहले प्रमाणित गरी पठाइएको विवरणका आधारमा हुने भएकाले IEMIS मा रहेको विवरण सत्यापन गर्ने व्यवस्था गर्नुहुन र यदि सत्यापन गर्दा फरक देखिएमा सोही अनुसार विवरण IEMIS मा अद्यावधिक गर्ने व्यवस्था गर्नु गराउनु हुन।

घ) विगतमा तहाँ स्थानीय तह अन्तर्गत सञ्चालन भै IEMIS Code प्राप्त गरेको तर हाल त्यस स्थानीय तहमा नभएको वा बन्द वा समायोजन भइसकेको बिद्यालयको नाम र कोड सहितको विवरण यस केन्द्रलाई उपलब्ध गराइदिनु हुन ।

ङ) निर्धारित समय भित्र विवरण अद्यावधिक नगर्ने विद्यालयहरुको विवरण योजना तथा बजेट निर्माण प्रक्रियामा समावेश गर्न नसकिने र यसबाट विद्यालयले प्राप्त गर्ने अनुदान वा सुविधाबाट विद्यालय र छात्रबृत्ति लगायतका सेवा सुविधाबाट विद्यार्थी वञ्चित हुन गएको अवस्थामा सोको जिम्मेवार सम्बन्धित विद्यालयको प्रधानाध्यापक हुने व्यहोरा जानकारी गराइदिनु हुन र IEMIS सँग सम्बन्धित विधुतीय पत्राचारका लागि iemis@cehrd.gov.np इमेल प्रयोग गर्नु हुन।

२०८०/०६/०३

रामचन्द्र शर्मा
निर्देशक

बोधार्थ
श्री शिक्षा विकास तथा समन्वय इकाइ
(सबै) : आवश्यक समन्वय एवम् सहजीकरण गर्नु हुन ।